आज मिति २०७४ चैत २८ गते, बुधवारका दिन बिहान ठिक ८.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ३०औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| | | | |
|---|---|---|---|
| हस्ताक्षर | | | पदाधिकारी |
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. | नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री सोमा खड्का | - | शाखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल ईन्जिनियर |
| २३. | श्री गिता तामाङ | - | कम्प्युटर अपरेटर |

१. मिति २०७४/१२/२६ गते भक्तपुर, नगरकोट, सिपाघाट, बल्खु, दक्षिणकाली सडक योजनाबाट दक्षिणकाली बल्खु सडक चैत्र ३० गते देखि विहान ११:०० बजे देखि दिउँसो ४:०० बजेसम्म बाटो बन्द गरि निर्माण कार्यमा सहयोग गरि दिन भनी अनुरोध भई आएकोमा नयाँ वर्ष २०७५ साल बैशाख १ गते संग्रान्तीको दिन र मातातीर्थ औंसी ३ गतेका दिन बाहेक अन्य दिनहरुमा अनुरोध भई आए अनुरुप सडक बन्द गर्ने निर्णय गर्ने ।

२. ब्याकहो लोडर संचालन गर्नको लागि वडा नं. ६ को वडा अध्यक्ष श्री शंकरमान महर्जनको संयोजकत्वमा वडा नं. ९ का वडा अध्यक्ष श्री अमृका बलामी र वडा नं. ५ का वडा अध्यक्ष श्री श्याम बहादुर खत्री सदस्य र डोजर चल्ने वडाको वडा अध्यक्ष पदेन सदस्य रहने गरि ४ जनाको समिति गठन गर्ने । नगरपालिकाको प्राविधिक कर्मचारी इन्जिनियरलाई फोकल पर्सनको रुपमा तोक्ने । आवश्यक अन्य प्रक्रिया समिति आफैले व्यवस्थित गर्नेछ ।

३. सार्वजनिक सेवा तथा क्षमता विकास समितिले दमकल व्यवस्थापन सम्बन्धी काम गर्ने ।

४. मिति २०७५ बैशाख ७ गते, अपरान्ह ११:३० बजे सुभारम्भ हुने दक्षिणकाली-कटुवाल दह, चोभार, सुन्दरी जल, वागदरवार नेपाल मण्डल पर्यटन महोत्सव, वाग्मती साँस्कृतिक उत्सव/मोटरसाईकल ऱ्यालीको लागि आवश्यक व्यवस्था गर्ने ।

५. वडा नं. ६ को पौचो डाँडामा चिल्डेन पार्क निर्माणार्थ रत्नसोपान गेट देखि पौचो डाँडासम्मको बाटो निर्माण तथा चौर सम्याउने कार्यको लागि लागत इष्टिमेट गरि इष्टिमेट बमोजिमको रकम स्वीकृत गर्ने ।

६. घोर्लेखोला - उदालकेश्वर महादेवबाट सिम्पानी जाने मोटरबाटो निर्माणको लागि रू. २,००,०००।-(दुई लाख रूपैयाँ) विनियोजित गर्ने ।

७. भण्डारखर्कबाट बतासेटोल जाने सिंढी बाटो निर्माण गर्नको लागि रू. ३,००,०००।-(तीन लाख रूपैयाँ) विनियोजित गर्ने ।

८. दक्षिणकाली नगरपालिका वडा नं. ७ युटिकीमा रहेको खाली सार्वजनिक जग्गामा कृषि समुहलाई आय आर्जनको लागि रू. ५,००,०००।-(पाँच लाख रूपैयाँ) र गोपालेश्वर सामुदायिक वन भित्र आय आर्जनको लागि रू. ५,००,०००।-(पाँच लाख रूपैयाँ) विनियोजित भएको योजना संशोधन गरि सार्वजनिक जग्गामा फलफुलका विरुवा रोप्ने - बगैचा निर्माणको लागि रू. १०,००,०००।-(दश लाख रूपैयाँ) एकमुष्ठ रुपमा एउटै योजना संचालन गर्ने ।

९. कागजको झोला सावुन र कपडाको झोला बनाउनको लागि घरेलु उद्योगको लागिरू. ५,००,०००।- (पाँच लाख रूपैयाँ) विनियोजित भएकोमा उक्त योजना संशोधन गरि खाद्यान्नको उद्योग राख्ने सिस्नुको पिठो, कोदोको पिठो, फापरको पिठो र मकैको पिठो बनाउने उद्योग निर्माण गर्ने ।

१०. ईटामाट सार्वजनिक चौर संरक्षणको लागि विनियोजित रू. १,००,०००।- (एक लाख रूपैयाँ) विनियोजित भएकोमा उक्त योजना संशोधन गरि इटामाट बाटो मर्मत गर्ने ।

११. दक्षिणकाली नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष श्री राज कुमार लामाज्यूको ममतामयी आमा सोम माया तामाङको ६८ वर्षको उमेरमा मिति २०७४/१२/२३ गते स्वर्गारोहण हुनु भएकोमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्ने ।